# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७ ) काठमाडौं, भदौ १० गते २०६४ साल ( संख्या २०


## भाग ५

### नेपाल सरकार

### सूचना तथा सञ्चार मन्त्रालयको सूचना

नेपाल सरकारले दूरसञ्चार ऐन, २०५३ को दफा २३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी देहायको दूरसञ्चार सेवा संचालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरी सो सेवाको लागि अनुमतिपत्र संख्या, अनुपतिपत्र दस्तूर, अनुमतिपत्र नवीकरण दस्तूर, सेवा विस्तार गर्ने प्रकृया एवं क्षेत्र, निवेदकको योग्यता तथा अनुमतिपत्र प्रदान गर्दा अपनाइने प्रकृया देहाय बमोजिम तोकेको छः-

क) दूरसञ्चार सेवाको किसिमः आधारभूत दूरसञ्चार सेवा (Basic Telecommunications Services).

स्पष्टीकरणः "आधारभूत दूरसञ्चार सेवा (Basic Telecommunications Services)" भन्नाले स्थानीय टेलिफोन सेवा (स्थिर वा एउटै चार्जिङ एरियाभित्र संचालन गरिने मोवाइल अर्थात लोकल मोविलिटी भएको सेवा समेत), अन्तरदेशीय टेलिफोन सेवा, अन्तर्राष्ट्रिय टेलिफोन सेवा, लिज लाइन, नेटवर्क सेवा र डाटा सेवालाई समेत बुझिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नोटः- अन्तर्राष्ट्रिय टेलिफोन सेवा संचालनको लागि पूर्व स्वीकृति लिनु पर्नेछ ।

ख) प्रदान गरिने अनुमतिपत्र संख्याः १ (एक)

ग) अनुमतिपत्र दस्तूरः रू. २५,००,०००।- (पच्चीस लाख रूपैयाँ)

घ) अनुमतिपत्र नवीकरण दस्तूरः रू. २२,५०,०००।- (बाइस लाख पचास हजार रूपैयाँ)

ङ) सेवा विस्तार गर्ने प्रक्रिया एवं क्षेत्रः अनुमतिपत्र प्राप्त व्यक्तिले देहायका क्षेत्रमा देहायका शर्त बमोजिम दूरसञ्चार सेवा संचालन गर्न पाउनेछः-

१) अनुमतिपत्र प्राप्त गरेको मितिले बढीमा १५ (पन्ध्र महिनाभित्रमा मुख्य नेटवर्क (PSTN/WLL/ILD) मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा स्थापना गरी सो क्षेत्रका प्राधिकरणले तोकेको २७३ गाउँ विकास समितिहरूमा प्रत्येक गाउँ विकास समितिमा कम्तीमा २ लाइन सेवा स्थापना र संचालन गर्ने र उक्त विकास क्षेत्रका ५० प्रतिशत नगरपालिका र ५० प्रतिशत गाउँ विकास समितिमा माग गरेका बखत टेलिफोन सेवा दिन सक्ने गरी नेटर्वाकिङ्ग कार्य सम्पन्न गर्नुपर्ने ।

२) अनुमतिपत्र प्राप्त गरेको मितिले बढीमा ३०(तीस) महिनाभित्रमा मध्य पश्चिमाञ्चल विकास क्षेत्रमा खण्ड (१) बमोजिम Network Coverage पूरा गरे पछि मात्र पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका ग्रामीण तथा शहरी क्षेत्रमा समान ढंगले दूरसञ्चार सेवा विस्तार गर्न पाउने ।

३) सुदूर पश्चिमाञ्चल विकास क्षेत्र र पश्चिमाञ्चल विकास क्षेत्रका सबै गाउँ विकास समितिहरूमा र नगरपालिकाहरूमा माग गरेका बखत टेलिफोन सेवा उपलब्ध गराउन सक्ने नेटर्वाकिङ्ग क्षमता स्थापना गरी सकेपछि मात्र नेपालका अन्य विकास क्षेत्रमा सेवा विस्तार गर्न पाउने ।



३५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४) खण्ड (१) बमोजिम प्राधिकरणले तोकेको २७३ गाउँ विकास समितिहरूमा प्रत्येक गाउँ विकास समितिमा कम्तीमा २ लाइन टेलिफोन सेवा स्थापना र संचालन गरेपछि अलग स्वीकृति लिई आफ्नै अन्तर्राष्ट्रिय गेटवे एक्स्चेन्ज स्थापना गरी अन्तर्राष्ट्रिय टेलिफोन (ILD) सेवा उपलब्ध गराउन पाउने ।

च) निवेदकको योग्यता: यस सूचना बमोजिम अनुमतिपत्र लिन चाहने निवेदकको न्यूनतम योग्यता देहाय बमोजिम हुनु पर्नेछ:

१) दूरसञ्चार सेवा सम्बन्धी प्राविधिक निपुणता तथा पेशा सम्बन्धी दक्षता एवं अनुभव भएको संचालक वा संचालकहरूको कम्तीमा ५ प्रतिशत र बढीमा ८० प्रतिशतसम्म लगानी रहेको,

२) दुई वा दुई भन्दा बढी राष्ट्रमा कम्तीमा पाँच लाख टेलिफोन लाईन संचालन गरेको र त्यस्तो सेवा कम्तीमा तीन बर्षदेखि लगातार संचालन गरिरहेको,

३) कम्तीमा १० (दश) करोड रूपैयाँ नगद मौज्दात सहित कम्तीमा दुई अर्व रूपैयाँ बराबरको लगानी जुटाउन सक्ने क्षमता रहेको,

४) निवेदक संस्थाका संचालक र कम्पनी कालो सूची (Black List) मा नपरेको ।

छ) अनुमतिपत्र प्रदान गर्दा अपनाइने प्रक्रिया: खण्ड (क) मा उल्लिखित दूरसञ्चार सेवा सञ्चालनका लागि अनुमतिपत्र प्राप्त गर्न चाहने व्यक्तिहरूबाट नेपाल दूरसञ्चार प्राधिकरणले अनुमतिपत्रको लागि निवेदन दिन ४५ दिनको न्यूनतम म्याद तोकी सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ । रेडियो फ्रिक्वेन्सी स्पेक्ट्रमको उपलब्धता, निवेदन छनौटको प्रक्रिया एवं आधार, निवेदन साथ पेश गर्नु पर्ने कागजात लगायत अन्य आवश्यक कुराहरू नेपाल दूरसञ्चार प्राधिकरणले सोही सूचनामा तोकिदिए बमोजिम हुनेछ ।

द्रष्टव्य

अनुमतिपत्र प्राप्त गर्ने निवेदकले खण्ड (ङ) को क्रम संख्या (४) बमोजिमको शर्त पूरा गरेपछि अन्तर्राष्ट्रिय टेलिफोन



२२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सेवा सञ्चालनको स्वीकृति लिन चाहेमा थप रू. ६,२५,००,०००।- (छ करोड पच्चीस लाख रूपैयाँ) र नवीकरण वापत थप रू. ५,६२,५०,०००।- (पाँच करोड वैसठ्ठी लाख पचास हजार रूपैयाँ) तिर्नु पर्नेछ ।

आज्ञाले,
शंकरप्रसाद कोइराला
नेपाल सरकारको का.मु. सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.नं. १६।०६२।६३

२५८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।